मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.


झापा ५ मा कसले बाजी मार्ला ? : पृष्ठ २मा



◆ वर्ष : ३१ ◆ अङ्क : ६२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ माघ ४ गते आइतबार (Sunday, 18 January. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## झापामा एक महिनामा १७७ मुद्दा दर्ता

### बैंकिङ कसुर र आत्महत्याको अवस्था चिन्ताजनक



**झापा, माघ ३।** जिल्ला प्रहरी कार्यालय झापामा पुस महिनामा १७७ वटा मुद्दा दर्ता भएका छन् ।

दर्ता मुद्दामध्ये जघन्य प्रकृतिका १५, गम्भीर ५५ र सामान्य ३१ रहेका छन् । जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी खगेन्द्रबहादुर खड्काका अनासार चालू मुद्दामा एक सय ३३ प्रतिवादी पक्राउ परेका छन् भने ३९ प्रतिवादी फरार छन् ।

**आर्थिक अपराधको भार**

पुस महिनामा आर्थिक अपराधतर्फ २६ वटा मुद्दा दर्ता भएका छन् । यसमा बैंकिङ कसुर २३ सहित ठगी सम्बन्धी २ र आपराधिक लाभसम्बन्धी एक मुद्दा छन् । बैंकिङ कसुरको संख्या उच्च देखिनु डिजिटल कारोबारसँगै जोखिम बढ्दै गएको संकेत भएको प्रहरीको भनाइ छ ।

**महिला र बालबालिकासम्बन्धी मुद्दा**

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसम्बन्धी १३ वटा मुद्दा दर्ता भएका छन् । तीमध्ये बालबालिकासम्बन्धी १२ र महिलासम्बन्धी १ मुद्दा छन् । घरेलु हिंसातर्फ ८ उजुरी परेकोमा मानसिक यातनाका उजुरी बढी छन् । उजुरीमध्ये ४ मिलापत्र भइसकेका छन् भने ४ प्रक्रियामा छन् ।

**सार्वजनिक चासोको जघन्य मुद्दा**

इलाका प्रहरी कार्यालय धुलाबारीमार्फत अघि बढाइएको एक जबरजस्ती करणीसम्बन्धी मुद्दा सार्वजनिक चासोमा रहेको छ । मेचीनगर नगरपालिका-९का सुवास विकले २० वर्षीया महिलामाथि

*(बाँकी अन्तिम पृष्ठमा)*

# कांग्रेसले अप्राकृतिक गठबन्धन नगर्ने

**झापा, माघ ९।** नेपाली कांग्रेसले विशेष महाधिवेशनका निर्णयलाई निर्वाचन आयोगले मान्यता दिएको विषयलाई सकारात्मक रूपमा लिँदै यसलाई लोकतान्त्रिक प्रक्रिया र पार्टी विधानको सफल अभ्यासको रूपमा व्याख्या गरेको छ ।

शनिबार नयाँ बानेश्वरमा बसेको केन्द्रीय कार्यसमितिको बैठकले जारी गरेको निर्णयअनुसार आयोगको कदम कसैको व्यक्तिगत जित वा हार नभई विधि, कानून र लोकतान्त्रिक मूल्यको विजय भएको निष्कर्ष निकालिएको छ । बैठकले यो ऐतिहासिक प्रक्रियामा योगदान गर्ने पार्टी सदस्य, शुभेच्छुक तथा सहयोगीप्रति आभार व्यक्त गरेको छ ।

बैठकले वर्तमान समयलाई पार्टीभित्र एकता, सद्भाव र सहकार्य आवश्यक पर्ने चरणको रूपमा उल्लेख गर्दै देश तथा विदेशमा रहेका कांग्रेसजन, सबै तहका संगठन र भ्रातृ तथा शुभेच्छुक संस्थालाई फागुन २१ गते हुने निर्वाचनमा एकताबद्ध र सक्रिय भूमिकाका साथ सहभागी हुन आह्वान गरेको छ ।

यसैगरी, विभिन्न कारणले पार्टी गतिविधिबाट टाढा रहेका तथा कांग्रेस छाडेका नेता-कार्यकर्तालाई पुनः पार्टीको मूलधारमा फर्किन आग्रह गरिएको छ । बैठकले निवर्तमान सभापति शेरबहादुर देउवा लगायतका नेताहरूले कांग्रेसको नेतृत्वमा रहँदै लामो समयसम्म पुऱ्याएको योगदानको प्रशंसा गर्दै धन्यवाद व्यक्त गरेको छ । साथै, आगामी दिनमा पनि उनीहरूको अभिभावकीय मार्गदर्शन पार्टीले प्राप्त गर्ने विश्वास व्यक्त गरिएको छ ।

राजनीतिक प्रतिबद्धताको सन्दर्भमा कांग्रेसले आम नागरिकप्रति आफ्नो अटल प्रतिबद्धता दोहोऱ्याउँदै अब कुनै पनि अप्राकृतिक गठबन्धन वा सत्तामुखी सम्झौतामा नजाने स्पष्ट पारेको छ । मूल्य र सिद्धान्तमा अडिग रहँदै संविधानको रक्षा गर्ने, समृद्ध नेपालको नेतृत्व गर्ने र युवाको आकांक्षा तथा जनताको अपेक्षा पूरा गर्ने संकल्प बैठकले पुनः व्यक्त गरेको छ । केन्द्रीय कार्यसमितिले यो चरणलाई पार्टीको रूपान्तरण, एकता र अग्रगमनको नयाँ अध्यायको रूपमा चित्रण गर्दै समुन्नत नेपाल निर्माणको अभियानमा सहभागी हुन सबैलाई आग्रह गरेको छ ।



यता निर्वाचन आयोगबाट वैधानिकता पाए पनि नेपाली कांग्रेसको नयाँ नेतृत्व शनिबार आफ्नै पार्टी कार्यालय पुग्न सकेन । सभापति गगन थापा नेतृत्वको आधिकारिक कांग्रेस नयाँ बानेश्वरस्थित एक पार्टी प्यालेसमा केन्द्रीय समिति बैठक गर्न बाध्य रहँदा, पराजित देउवा पक्षले सानेपास्थित पार्टी केन्द्रीय कार्यालयमै समानान्तर बैठक बसाल्यो । यस दृश्यले कांग्रेसभित्रको विवाद केवल नेतृत्व परिवर्तनमा सीमित नभई शक्ति, स्वामित्व र वैधानिकताको गहिरो द्वन्द्वमा प्रवेश गरिसकेको संकेत दिएको छ ।

निर्वाचन आयोगले माघ २ गते विशेष महाधिवेशनमार्फत चयन भएको थापा नेतृत्वको कार्यसमितिलाई मान्यता दिएपछि औपचारिक रूपमा कांग्रेसको नेतृत्व परिवर्तन भएको छ । तर, व्यवहारिक रूपमा पार्टीको केन्द्र-सानेपा-अहिलेसम्म देउवा पक्षकै नियन्त्रणमा छ । यही कारण नयाँ नेतृत्वले पहिलो केन्द्रीय समिति बैठक पार्टी कार्यालयमा होइन, पार्टी प्यालेसमा बोलाउनु पऱ्यो ।

**कार्यालय कब्जा होइन, 'संयम'को रणनीति**

आधिकारिकता पाएपछि पनि गगन पक्षले केन्द्रीय कार्यालय तत्काल नियन्त्रणमा लिने निर्णय नगर्नु कांग्रेसको आन्तरिक राजनीतिक संस्कृतिको परीक्षण हो- उपसभापति पुष्पा भुसालले भनिन् । उनको 'मुठभेड गरेर कार्यालयमा नजाने' स्पष्ट अभिव्यक्तिले नयाँ नेतृत्वले टकरावभन्दा संयम र नैतिक दबाबको बाटो रोज्न चाहेको देखिन्छ ।

नवनिर्वाचित कार्यसमितिको पहिलो बैठकले पूर्वसभापति शेरबहादुर देउवा, निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्का र वरिष्ठ नेता शेखर कोइरालालाई 'संरक्षक तथा अभिभावकीय भूमिका' मा रहन आग्रह गऱ्यो । पार्टी प्रवक्ता देवराज चालिसेले यो आग्रह योगदानको सम्मान

*(बाँकी अन्तिम पृष्ठमा)*

## झापामा युथ भोलिन्टियर फोर्स



**झापा, माघ ३।** झापामा युथ भोलिन्टियर फोर्स घोषणा गरिएको छ । झापा बिर्तामोडका विकास गिरीको नेतृत्वमा ६२ सदस्यीय फोर्स घोषणा गरिएको हो ।

नेकपा एमाले झापाको जिल्ला पार्टी कार्यालय बिर्तामोडमा युथ भोलिन्टियर फोर्सका केन्द्रीय कमान्डर पुष्पराज श्रेष्ठले झापाको जिल्ला फोर्स घोषणा गरेका हुन् । युथ भोलिन्टियर फोर्स झापाको जिल्ला कमाण्डरमा विकास गिरी, सहायक कमाण्डरहरुमा भानु सुब्बा र बाबु लिम्बुसहितको जिल्ला फोर्स घोषणा गरिएको हो । युथ भोलिन्टियर फोर्सले पहिलो जिल्ला नेतृत्व घोषणा गरेको हो । युथ भोलिन्टियर फोर्सका केन्द्रीय कमाण्डर श्रेष्ठले उनीहरुलाई सपथग्रहण गराएका छन् ।

युथ भोलिन्टियर फोर्स झापा घोषणा कार्यक्रमका प्रमुख अतिथि श्रेष्ठले नेपाली जनताको सुरक्षाका लागि देशभर संगठन विस्तार गर्ने जानकारी दिए । उनले झापामा पहिलो पटक जिल्ला फोर्स घोषणा गरेको बताउँदै देशभित्र भइरहेका विदेशी चलखेल विरुद्ध युवाहरु एक हुन आह्वान गरेका छन् । प्रमुख अतिथि श्रेष्ठले देश जलाउने र बनाउनेबीचको भिन्नता छुट्टाएर अघि बढ्न युवाहरुलाई सुझाव दिए । नेकपा एमालेलाई देशको निर्णायक राष्ट्रिय शक्ति निर्माण गर्न निर्वाचनमा बहुमत ल्याउने उनको धारणा थियो । विदेशी चलखेलबाट देशको रक्षाका लागि युथ भोलिन्टियर फोर्स सतिसाल झैं उभिने बताए ।

घोषणा कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य झापा संयोजक रोमनाथ ओली, युथ भोलिन्टियर फोर्सका केन्द्रीय सदस्य राजकुमार थापा, एमाले झापाका उपाध्यक्ष शिव ढुङ्गेल लगायतले मन्तव्य राखेका थिए । युथ भोलिन्टियर फोर्स जिल्लाको टोलटोलमा सुरक्षा दस्ताका रुपमा गठन गर्दै जाने झापाका कमाण्डर विकास गिरीले जानकारी दिए ।

## झाँकीसहित बालेनले उम्मेदवारी दर्ता गर्ने

**झापा, माघ ३।** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आगामी फागुन २१ गते हुने निर्वाचनका लागि तामझामसहित मनोनयन दर्ता गर्ने तयारी गरेको छ ।

झापा ५मा निर्वाचन परिचालनको कमान्ड सम्हालिरहेका क्षेत्रीय सभापति भेषराज भट्टराईका अनुसार माघ ६ गते हुने मनोनयन दर्ता कार्यक्रमलाई भव्य बनाउने तयारी भइरहेको छ ।

मनोनयन दर्ताका क्रममा रास्वपाले स्थानीय पहिचान झल्किने गरी विभिन्न जातजातिका झाँकीसहित उम्मेदवारी दर्ताको तयारी गरेको छ । त्यसक्रममा पञ्चेबाजा, धिमालहरूको सांस्कृतिक टोली, राई, लिम्बू र सन्थाल समुदायका झाँकी प्रदर्शन हुनेछन् । यसका लागि दमक, कमल, गौरादह र गौरीगञ्ज गरी चारवटा पालिकाबाट सांस्कृतिक टोलीहरू सहभागी गराउने योजना बनाइएको रास्वपाले जनाएको छ ।

रास्वपाका दमक क्षेत्रमा मात्रै करिब तीन हजार सङ्गठित सदस्य रहेको दाबी सो पार्टीको छ । मनोनयनका दिन पार्टीका सङ्गठित सदस्यका साथै स्वतन्त्र रूपमा आउने शुभचिन्तकहरूको ठूलो संख्या सहभागी हुने अपेक्षा गरिएको रास्वपा झापाका सभापति प्रकाश पाठकले बताए ।

**सिटौलाको घरको चर्चा**

बालेन साह झापा क्षेत्र नम्बर ५बाट उम्मेदवार



बन्ने भएपछि चुनावी कमान्ड सम्हाल्नका लागि बिन्दु (लक्की) सिटौलाको घरबाट सञ्चालन गर्ने तयारी बालेनको सचिवालयले गरेको छ ।

बालेनको सचिवालयको टिमसहितको सहयोगीहरूले दमक ५मा निर्वाचन कार्यालयको टुङ्गो लगाइसकेको जनाइएको छ । यो घर रास्वपा नेतृ विन्दु सिटौला 'लक्की'को भएको बताइएको

*(बाँकी अन्तिम पृष्ठमा)*

## कांग्रेस सभापति थापासँग झापा गोल्डकप टोलीको भेटघाट

**झापा, माघ ३।** नेपाली कांग्रेसका नवनिर्वाचित सभापति गगन थापा झापा गोल्डकपको प्रतिनिधि मण्डलबीच भेटघाट भएको छ । आसन्न सातौँ झापा गोल्डकपका सन्दर्भमा भेटघाट उक्त भएको हो ।

वरिष्ठ उपाध्यक्ष गजेन्द्रबहादुर पौडेल नेतृत्वको टोलीले सभापति थापासँग भेटघाट गरेको हो । झापा गोल्डकपलाई विभिन्न पक्षमा सहयोग गर्न सभापति थापाले प्रतिबद्धता जनाएको पौडेलले बताए । भेटमा प्रतियोगिता सफल बनाउन तथा प्रतियोगिताको तयारीका बारेमा कुराकानी भएको छ । गोल्डकप अध्यक्ष केदार गिरीको टिमले यसअघि पूर्वप्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओलीसँग पनि भेटघाट गरेको थियो ।

झापाको बिर्तामोडस्थित डोमालाल राजवंशी रंगशालामा यही माघ २४ गतेदेखि फागन ४ गतेसम्म हुन गइरहेको झापा गोल्डकप स्वर्गीय 'बिनोद बस्नेत स्मृति' सातौँ संस्करण फुटबल प्रतियोगिताका सन्दर्भमा कुराकानी गर्न सभापति थापासँग भेटघाट गरिएको हो । झापा गोल्डकपका वरिष्ठ उपाध्यक्ष पौडेल, कार्यसमिति सदस्य मदन खड्का, राजु घिमिरे, सञ्जीव घिमिरे लगायतको टोलीले थापासँग काठमाडौंमा भेटघाट गरेको हो ।




# साइबर अपराध र ठगी बढ्यो

**काठमाडौँ, माघ ३।** साइबर अपराध र ठगीका घटना पनि ह्वात्तै बढेको पाइएको छ ।

पुस महिनामा मात्रै साइबर अपराध र ठगी शीर्षकमा १९१ वटा उजुरी परेका छन् । अनलाइन सपिङ, वैदेशिक रोजगार, बैंक खातामा अनधिकृत पहुँच र सामाजिक सञ्जालको दुरुपयोग गरी करिब ३ करोड ६६ लाख ८८ हजार रुपैयाँ बराबरको बिगो दाबीसहितका उजुरी परेको प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिएका छन् ।

त्यस्तै चालू मुद्दाका सिलसिलामा प्रहरीले एक महिनामा ३३९ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा ३०० पुरुष र ३९ जना महिला रहेका छन् । सबैभन्दा बढी अभद्र व्यवहार र बैंकिङ कसुरमा पक्राउ परेका छन् ।



यसैबीच काठमाडौँबाट एक महिनाको अवधिमा २४१ जना मानिस हराएको निवेदन प्रहरीमा परेको छ । जिल्ला प्रहरी परिसर काठमाडौँले शनिबार सार्वजनिक गरेको पुस महिनाको मासिक प्रगति विवरण अनुसार हराउने र उजुरी पर्नेको संख्या उच्च देखिएको हो । प्रहरीको तथ्याङ्क अनुसार पुस महिनामा विभिन्न उमेर समूहका २४१ जना हराएका छन् । जसमा ७३ जना महिला, ८१ जना पुरुष, २६ जना बालक र ६१ जना बालिका रहेका छन् । हराएका मध्ये १४८ जना फेला परेको प्रहरीले जनाएको छ ।

फेला पर्नेमा ३८ महिला, ४७ पुरुष, १७ बालक र ४६ जना बालिका रहेका छन् । अझै पनि ठूलो संख्यामा हराएका मानिसहरु सम्पर्कमा आउन नसकेको प्रहरी तथ्याङ्कले देखाएको छ ।

यसैगरी, सोही अवधिमा प्रहरी कार्यालयमा १४ सय भन्दा बढी ठाडो उजुरी परेका छन् । परिसरका अनुसार प्रत्यक्ष रूपमा प्रहरी कार्यालयमा १४२३ वटा ठाडो उजुरी दर्ता भएका छन् । तीमध्ये १०५५ वटा उजुरीमा प्रहरीले मिलापत्र तथा फछ्र्यौट गराएको छ ।

यसबाहेक जिल्ला प्रशासन कार्यालय मार्फत पनि २३३ वटा उजुरी आएकोमा १२० वटाको फछ्र्यौट भएको प्रहरीले जनाएको छ । शान्ति सुरक्षा र अपराध नियन्त्रणको पाटोमा पुस महिनामा काठमाडौँमा कूल ९६२ वटा मुद्दा दर्ता भएका छन् ।

जसमा जघन्य तथा गम्भीर अपराधका ३५, महिला तथा बालबालिकासँग सम्बन्धित २८ र आर्थिक अपराधका ४ सय ८४ वटा मुद्दा रहेका छन् ।


अब नाक, कान, घाँटी तथा दन्त उपचारसहित

उच्च गुणस्तरिय, सुलभ र भरपर्दो आँखा उपचार सेवामा समर्पित

BIRTAMODE EYE HOSPITAL

CONTACT :

Birtamode Eye Hospital

CHARPANE, JHAPA, MECHI, NEPAL

PHONE NO: 023-530476 / Email: mnec.beh@gmail.com I


Web: birtamodeeyehospital.org

## श्रीकृष्ण प्राविमा नि:शुल्क आँखा शिविर

**भद्रपुर, माघ ३।** झापाको मेचीनगर-१४स्थित श्रीकृष्ण प्राविमा शनिवार बृहत् नि:शुल्क आँखा शिविर सम्पन्न भएको छ।

श्रीकृष्ण प्रावि र सोही विद्यालयका पूर्वबिद्यार्थी समाजको संयुक्त आयोजनामा भएको शिविरमा तीन सय ५० जनाले आँखा जाँच गराएका थिए। मेची नेत्रालय काँकरभिट्टाको प्राविधिक सहयोग तथा हेल्पिङ्ग ह्याण्ड्स हेल्थ एण्ड एजुकेशन युएसए र दुर्गाचन्द्र मेमोरियल ट्रष्ट झापाको सहकार्यमा भएको शिविरमा आँखा जाँचपछि एक सय ७५ जनाले रिडिङ्ग ग्लास प्राप्त गरेका थिए।

त्यस्तै १८ जनामा मोतिया बिन्दुको समस्या देखिएको हेल्पिङ्ग ह्याण्ड्सका प्रतिनिधि कुमार अनुरागीले जानकारी दिए। मेची नेत्रालयका चिकित्सकहरू अनिल चौधरी, विकास साह, प्राविधिकहरु ज्योति थापा, विकास श्रेष्ठ र किरण थापाले



सहजीकरण गरेको कार्यक्रमको अध्यक्षता श्रीकृष्ण प्रावि व्यवस्थापन समितिका अध्यक्ष सृजना सुवेदी घिमिरे गरेकी थिइन्। यहाँ निम्नवर्ग समुदायको बसोबास रहेकोले उनीहरूको आँखा जाँच अति आवश्यक ठानेर यो शिविरको आयोजना गरिएको समितिका अध्यक्ष घिमिरेले बताइन्।

अशक्त, गरीव तथा कमजोर परिवारलाई लक्षित गरी श्रीकृष्ण प्राविका पूर्वविद्यार्थी समाजले शिविर सञ्चालन गरेको समाजका अध्यक्ष मिलन शिवाकोटीले जानकारी दिए। श्रीकृष्ण प्राविका प्रधानाध्यापक सीताराम थापा लगायतको उपस्थिति रहेको कार्यक्रमको सञ्चालन विद्यालयका पूर्वव्यवस्थापन समितिका अध्यक्ष अनिल ढुङ्गानाले गरेका थिए

## शनिश्चरे-अर्जुनधारा खानेपानीको ३१औं सभा




**अर्जुनधारा, पुस ३।** झापाको अर्जुनधारा नगरपालिका-८स्थित शनिश्चरे-अर्जुनधारा खानेपानी तथा सरसफाई उपभोक्ता समितिको ३१औं साधारणसभा शनिबार सम्पन्न भएको छ।

संस्थाको कार्यालय प्राङ्गणमा समितिका अध्यक्ष किरण शिवाकोटीको अध्यक्षतामा आयोजित उक्त कार्यक्रमको प्रमुख अतिथि खानेपानी, सिंचाई तथा ढल व्यवस्थापन आयोजना कोशी प्रदेशका प्रमुख सुरतलाल चौधरीले उद्घाटन गरेका थिए।

कार्यक्रममा संस्थाका अध्यक्ष शिवाकोटीले गतआर्थिक वर्ष २०८१/०८२को वार्षिक प्रगति प्रतिवेदन र सचिव राकेश ढकालले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। प्रस्तुत प्रतिवेदनमा अर्जुनधारा-९स्थित मगर चोकमा रहेको चार लाख ५० हजार लिटर क्षमताको ट्याङ्की गतअसार २७ गते सञ्चालन भएको, नेपाल सरकार शहरी विकास मन्त्रालयको प्राप्त अनुदानबट ११ किलोमिटर पाइप विस्तार सम्पन्न, १३ हजार रुपैयाँ रहेको धारा जडान शुल्कलाई नौ हजार नौ सय ९९ रुपैयाँ कायम, बिपन्न वर्ग, अपाङ्ग, अशक्त, ज्येष्ठ नागरिक संस्थाहरुलाई धारा जडान गर्दा लाग्ने दस्तुरमा २५ प्रतिशत छुटको व्यवस्था उल्लेख गरिएको छ।

त्यसैगरी प्रतिवेदनमा एकाघर बाहक धारा नामसारी गर्नुपर्ने भएमा हाल लाग्दै आएको रकममा ५० प्रतिशत छुट हुने व्यवस्था, दियालो टेक्नोलोजीमार्फत् जीआईएस (भौगोलिक जानकारी संकलन) लागू गरिएको, खानेपानीको वेबसाइट निर्माण, उपभोक्ता सदस्यहरुको सहजताका लागि क्यूआर कोडसहितको उपभोक्ता नामावली वितरणलगायत उल्लेख गरिएको छ।

त्यस्तै प्रतिवेदनमा संस्थाको गतआर्थिक वर्षको जम्मा आम्दानी ९४ लाख ७४ हजार आठ सय ४१ रुपैयाँ ५८ पैसा, जम्मा खर्च एक करोड २१ लाख ९६ हजार दुई सय ५६ रुपैयाँ ९० पैसा, चालूआर्थिक वर्ष २०८२/०८३को मंसीर मसान्तसम्मको जम्मा आम्दानी ३७ लाख ६१ हजार एक सय ५९ रुपैयाँ ११ पैसा र जम्मा खर्च ३८ लाख ३२ हजार दुई सय २६ रुपैयाँ ८९ पैसा उल्लेख गरिएको छ।

कार्यक्रममा अर्जुनधारा नगरपालिकाका प्रमुख बलदेवसिंह गोम्देन तामाङ, वडाध्यक्षद्वय गोविन्द खतिवडा र भीष्म मिश्र, साना शहरी खानेपानी बुधबारेका सचिव पूर्णप्रसाद सञ्जेल, साना शहरी खानेपानी बिर्तामोडका प्रतिनिधि खड्ग गिरी, अर्जुनधारा जलेश्वर धाम व्यवस्थापन समितिका सचिव कृष्णप्रसाद भट्टराई, समितिका पूर्व अध्यक्षद्वय छत्रमणि ढकाल र शंकर सुवेदी, सल्लाहकारद्वय पम्फादेवी विश्वकर्मा र हेमप्रसाद खरेललगायतले शुभकामना मन्तव्य राखेका थिए। समितिका उपाध्यक्ष किरण वनले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव ढकालले गरेका थिए।

## फाकफोकथुममा ज्योति मगर



**इलाम, माघ ३।** चर्चित गायिका ज्योति मगरले पहिलोपटक पश्चिम इलामको फाकफोकथुम-३, रातमाटेमा प्रस्तुति दिँदै कन्सेरी माईगंगा मेलालाई विशेष बनाएकी छन्।

मेला तथा चौथो सिरिजंगा स्मृति फुटबल प्रतियोगिताको अवसरमा आयोजना गरिएको उक्त सांस्कृतिक कार्यक्रममा ज्योति मगर स्टेजमा उक्लिनासाथ दर्शकको हुटिङ, ताली र उत्साहले रातमाटे क्षेत्र उत्सवमय बनेको थियो। उनका चर्चित गीत र ऊर्जाशील नृत्य प्रस्तुतिले दर्शकलाई अन्तिम क्षणसम्म बाँधेर राख्यो।

नेपाली लोकदोहोरी, आधुनिक गीत तथा बोल्ड स्टेज प्रस्तुतिमार्फत युवापुस्तामाझ लोकप्रियता कमाएकी ज्योति मगर देशविदेशका मञ्चमा समेत चर्चित कलाकार हुन्। फाकफोकथुममा उनको पहिलो आगमनले कन्सेरी माईगंगा मेलालाई थप ऐतिहासिक बनाएको स्थानीयवासीहरूको प्रतिक्रिया छ।

सांस्कृतिक कार्यक्रममा मगरसँगै गायक तथा संगीतकार आइन्द्र नेम्बाङ, सेसेहाङ योङहाङ, निरन्ता नेम्बाङलगायत राष्ट्रिय तथा स्थानीय कलाकारहरूले पनि आ-आफ्नो प्रस्तुति दिएका थिए। कार्यक्रम फाकफोकथुम गाउँपालिकाको प्राविधिक सहयोग र वडानम्बर ३, रातमाटेको सहकार्यमा सिरिजंगा सांस्कृतिक क्लबद्वारा आयोजना गरिएको हो। कार्यक्रममा गाउँपालिका अध्यक्ष दीपेन्द्र खनाल, वडाध्यक्ष दीपेन्द्र थेगिम तथा क्लबका पदाधिकारीहरूले कलाकारहरूलाई स्वागतसँगै मायाको चिनो प्रदान गरेका थिए।

विगतमा साविक आमचोक, फाकफोक र एकतप्पा गाविसको संगमस्थल फाकफोक खोलाको कन्सेरी क्षेत्रमा लाग्दै आएको ऐतिहासिक मेला द्वन्द्वकालका बेला लामो समयसम्म स्थगित भएको थियो। यस वर्षबाट खोलादेखि केहीमाथि रातमाटेमा पुन: सञ्चालनमा ल्याइएपछि पुरानो सांस्कृतिक पहिचान पुनर्जीवित भएको वडाध्यक्ष थेगिमले बताए।

## 'कालकट्टी' र 'काकाको बिहे' औपचारिक घोषणा

रघुजी फिल्म्स्को ब्यानरमा दुई फिल्म 'कालकट्टी' र 'काकाको बिहे' बन्ने भएका छन्। दुबै फिल्म लेखक तथा निर्देशक अमरदीप सापकोटा र सञ्चारकर्मी रघुनाथ सापकोटाको टिमअपबाट निर्माण हुन लागेका हुन्।

दुवै चलचित्र आगामी वर्ष २०८३मा दर्शकमाझ ल्याउने तयारीमा निर्माण पक्ष जुटेको छ। दुईवटा पोस्टर सार्वजनिक गर्दै फिल्मको आधिकारिक घोषणा गरिएको हो।

रघुजी फिल्म्सको ब्यानरमा निर्माण हुन लागेका दुई चलचित्रमध्ये 'कालकट्टी' छायांकनतर्फ अघि बढ्ने तयारीमा छ। फिल्मको छायांकन माघ महिनाको अन्त्यतिर सुरु हुने बताइएको छ। कलाकार तथा प्राविधिक टोलीको छनोट प्रक्रिया हाल तीव्र गतिमा अगाडि बढिरहेको निर्माण पक्षले जनाएको छ।

चलचित्र 'कालकट्टी' का निर्माता रघुनाथ सापकोटा हुन् भने कथा, पटकथा, संवाद तथा निर्देशनको सम्पूर्ण जिम्मेवारी अमरदीप सापकोटाले सम्हालेका छन्। छायांकनको जिम्मा निसाल पौडेलको काँधमा रहनेछ भने संगीतकार भीम बिष्टले चलचित्रका भावनालाई संगीतमा उतार्नेछन्।

पोष्टर सार्वजनिक भएसँगै चलचित्रप्रेमीहरूबीच 'कालकट्टी' ले कस्तो कथा, कस्तो द्वन्द्व र कस्तो सिनेम्याटिक अनुभव लिएर आउने हो भन्ने चासो बढ्दै गएको छ। निर्माण टिमले छिट्टै टिजर तथा थप विवरण सार्वजनिक गर्ने बताएको छ। 'कालकट्टी' को छायांकन सकेर रिलिजको तयारी संगै 'काकाको बिहे' को छायांकन शुरु हुनेछ।

## माघे संक्रान्तिमा आएका तीनै फिल्मको 'ओपनिङ' न्यून

**काठमाडौं, माघ ३।** माघे संक्रान्तिको अवसरमा प्रदर्शनमा आएका तीन नेपाली फिल्मको ओपनिङ कमजोर देखिएको छ। पहिलो दिन 'गोबर गणेश', 'मिरमिरे' र 'भाइरल गोर्खे' को व्यापार न्यून रहेको छ।

दर्शकबाट राम्रो प्रतिक्रिया पाए पनि तीनै फिल्मले बक्सअफिसमा भने उछाल ल्याउन सकेन। मंसीर र पुसमा सुस्ताएको नेपाली बक्सअफिसमा माघे संक्रान्तिले पनि दर्शकलाई हलसम्म तान्न सकेन्। यसपटक मंसीर र पुससम्मका फिल्मले बक्सअफिसमा खासै व्यापार गर्न सकेनन्। मंसीरदेखि पुससम्म 'हर्ष', 'अभिमन्यु: च्याप्टर १', 'पीआर', 'लोकन्ती', 'चिराग', 'झरीपछिको इन्द्रेणी', 'एक्लो १' र 'मुग्लान' रिलिज भए। तर, यी कुनै पनि फिल्मले बक्सअफिसमा राम्रो व्यापार गर्न सकेनन्।

बरु बलिउड फिल्म 'धुरन्धर' र हलिउड फिल्म 'अवतार ३' ले भने नेपालमा राम्रै कमाइ गरे। चलचित्र विकास बोर्डको बक्सअफिस पछिल्लो रिपोर्ट अनुसार 'धुरन्धर' ले नेपालमा १० करोड १५ लाख १८ हजार ग्रस कलेक्सन गरेको छ। त्यस्तै, हलिउड साइन्स फिक्सन फिल्म 'अवतार: फायर एन्ड एस' ले ६ करोड २६ लाख १२ हजार व्यापार गरेको छ।

तर, बोर्डको बक्सअफिस रिपोर्टअनुसार 'गोबर गणेश', 'मिरमिरे' र 'भाइरल गोर्खे' को ओपनिङ न्यून देखिएको छ। बिहीबार राति ९ बजेसम्मको तथ्यांक अनुसार तीन वटै फिल्मको ओपनिङ सुखद् छैन। बिदाको दिन भए पनि १५ लाख कटाउन मुस्किल परेको छ।




यम शेर्पाको निर्देशनमा बनेको 'मिरमिरे' ले पहिलो दिन डेढ सय हाराहारीमा शो पाएको थियो। आज पनि हलहरूमा फिल्मले त्यतिनै शो पाएको छ। यद्यपि, शोअनुसार हलमा दर्शकको अकुपेन्ची छैन।

यस फिल्ममा दयाहाङ राई, प्रकाश सपुत र सिर्जना निङ्लेखु मुख्य भूमिकामा छन्। यमकै कथा रहेको फिल्मले बाबुछोरीको सम्बन्धसहित त्रिकोणात्मक प्रेमकथा भन्छ। साथै फिल्ममा माओत्से गुरूङ, भोलाराज सापकोटा, छुल्ठिम गुरूङ, शाइसा गौचनलगायत कलाकारको पनि अभिनय छ।

बल्छी धुर्वे (मरिचमान श्रेष्ठ) को निर्देशन रहेको 'गोबर गणेश' लाई पनि दर्शकले साथ दिन सकेनन्। पहिलो दिन देशभर ११२ शो पाएको यस फिल्ममा पनि अकुपेन्ची खासै देखिएन।

बल्छी धुर्वेको लगानीमा बनेको फिल्ममा बल्छीसँगै वर्षा शिवाकोटी, बिनोद न्यौपाने, पदम तामाङ, निर्मल शर्मा, लक्ष्मीनाथ तिमलसेना, सन्तोष बानियाँ, सन्दीप लामा, माओत्से गुरुङ, सीतादेवी तिमल्सिना, पुजन घिमिरे (पुकु), बुद्धि तामाङ, विशाल पहाडी लगायतको अभिनय छ।

'भाइरल गोर्खे' मा सौगात मल्ल र सृष्टि श्रेष्ठ मुख्य भूमिकामा छन्। निगम श्रेष्ठको निर्देशनमा बनेको कमेडी जनराको फिल्मले पहिलो दिन १०७ शो पाएको थियो। यस फिल्ममा सौगात र सृष्टिसहित बुद्धि तामाङ, लक्ष्मी गिरी, राजाराम पौडेल, ऋषि धमला, रवि भुजेल, मिस पवीलगायत कलाकारको अभिनय छ।

शुरुवाती व्यापार कमजोर देखिए पनि बलियो माउथ पब्लिसिटीले भने दर्शकको संख्या बढाउने सक्ने आशा गरिएको छ। त्यसको लागि भने केही दिन कुर्नै पर्छ।

माघ महिनामा प्रदर्शन हुने फिल्मको क्यालेक्डरमा ९ वटा फिल्म छन्। विभिन्न जनराका यी फिल्मबाट बक्सअफिस पुरानै लयमा फर्किने चलचित्रकर्मीको आशा थियो। तर, जसमध्ये माघ १ बाट रिलिज तीन वटा फिल्मले त्यो अपेक्षा पूरा गर्न सकेनन्।

आगामी प्रदर्शनको सूचीमा रहेका फिल्म टिमले भने अहिले प्रचारप्रसारमा तीव्रता दिइरहेका छन्। दर्शक फकाउन उनीहरू देशभरका ठाउँमा पुगेर फिल्मको प्रमोसन गरिरहेका छन्। माघ ९ गतेदेखि 'परिर्वतन' र 'बिगुल' प्रदर्शनको तयारीमा छन्। बिजय केरुङको निर्देशनमा बनेको 'परिवर्तन' एक्सन र सस्पेन्स विधामा आधारित छ। यस फिल्मम सुशील श्रेष्ठ र अञ्जना बराइली मुख्य भूमिकामा छन्।

त्यस्तै, माघ ९ मै रिलिज हुने 'बिगुल' सामाजिक र राजनीतिक विषयवस्तुमा आधारित छ। रमेश कोइरालाको निर्देशनमा बनेको फिल्ममा बेनिशा हमाल, नरेन खड्का, विनोद न्यौपाने, नीर शाह र सरोज खनालको अभिनय छ।

त्यस्तै, माघ १६ गतेबाट 'आबाट आमा' र 'द ब्लू लाइट' रिलिज हुनेछन्। चन्द्र पन्तको लेखन तथा निर्देशनमा बनेको 'आबाट आमा' ले आमा र छोराबीचको भावनात्मक सम्बन्धलाई कथालाई समेटेको छ। फिल्ममा प्रदीप रावत, बिपना थापा, पल शाह, साइग्रेस पोखरेल र उषा उप्रेती लगायतको अभिनय छ।

बलिराम चौहानद्वारा निर्देशित 'द ब्लु लाइट' मनोवैज्ञानिक थ्रिलर फिल्म हो। यसमा बेनिशा हमाल, अर्पण थापा, आयुषमान देशराज जोशी र सुरक्षा इटानीको अभिनय छ।

यस्तै माघ २३ मा दुई प्रेमकथानक फिल्म 'कुमारी' र 'रमिताको पिरती' हलमा लाग्दै छन्। दिनेश राउतको लेखन तथा निर्देशन 'कुमारी' मा अभिषेक खड्का र आकृति राजभण्डारी मुख्य भूमिकामा छन्। यसै फिल्मबाट दुबैले डेब्यू गर्दै छन्।

सुदिप्ताको लेखन तथा निर्देशनमा बनेको 'रमिताको पिरती' मा युवतीको मनोविज्ञानको कथालाई समेटिएको छ। यसमा आना शर्मा, धीरज मगर, समीर श्रेष्ठ र विनय श्रेष्ठ शीर्ष भूमिकामा छन्। यी ६ वटा फिल्मले बक्सअफिसलाई पुरानै लयमा फर्काउँलान् ? त्यो भने आगामी दिनमै थाहा होला !

### झापामा ...

जबरजस्ती करणी गरी ६ महिनाको गर्भ रहेको खुल्न आएको थियो। लामो समयदेखि फरार रहेका उनलाई पुस २० गते राति पक्राउ गरी जिल्ला अदालत झापाबाट म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

**फैसला कार्यान्वयनमा प्रगति**

फैसला कार्यान्वयनतर्फ ६५ जना फरार अभियुक्त पक्राउ परेका छन्। उनीहरूबाट १५ वर्ष १० महिना १८ दिन कैद र ६१ लाख ८७ हजार ४ सय ८३ रुपैयाँ जरिवाना असुल गरिएको छ।

**हराएका र फेला परेका**

पुस महिनामा ३४ जना हराएको उजुरी परेको छ। यस अवधिमा तथा यसअघि हराएका समेत गरी १२४ जना फेला परेका छन्। चालू महिनामै हराएर फेला परेकाको संख्या ११ जना रहेको प्रहरीले जनाएको छ।

**लागूऔषध र आत्महत्या**

लागूऔषध नियन्त्रणतर्फ २४० ग्राम ३२५ मिलिग्राम ब्राउन सुगर बरामद गरिएको छ। सो क्रममा ५ सवारीसाधन नियन्त्रणमा लिइएका छन्। आत्महत्याका घटनातर्फ पुस महिनामा २३ जनाको मृत्यु भएको छ, जसमा १८ पुरुष र ५ महिला छन्। सबैभन्दा बढी आत्महत्या ३६-४५ वर्ष उमेर समूहमा देखिएको छ।

**त्रास फैलाउने पक्राउ**

कनकाई नगरपालिका-४स्थित पूर्व-पश्चिम महेन्द्र राजमार्गको पुलमा विष्फोटक पदार्थ जस्तो देखिने वस्तु राखी त्रास फैलाउने कार्यमा संलग्न एक जनालाई पक्राउ गरी राज्यबिरुद्धको कसुर र विष्फोटक पदार्थसम्बन्धी मुद्दा दर्ता गरिएको छ।

### झाँकीसहित ...

छ। ३ वटा घरहरू खोजी रहेको बालेनको टोलीले अरू घरहरूको खोजी भइरहेको जनाएको छ। तत्काल कार्यालय सञ्चालनका लागि बिन्दुको घरबाट सचिवालय सञ्चालनको तयारी गरिरहेको बालेनका सहयोगीहरूले बताएका छन्।

घर उपलब्ध गराउन लागेकी बिन्दु रास्वपाको समानुपातिक सूचीका लागि प्राइमरी सूचीमा परेकी नेतृ हुन्। तर, रास्वपा झापाले अहिलेसम्म घर नभेटिएको बताउँदै आएको छ। रास्वपा झापाका एक नेताले भने, हामीले घरहरू धेरै वटा हेरेका छौँ, त्योमध्ये केही घरहरू सचिवालयको टिमले हेरेको छ, सम्झौता हामीले नै गर्ने हो, अहिलेसम्म सम्झौता भइसकेको छैन। नटुङ्गिएको विषयमा अहिले नै हामीले घर भेटिएको भनेर भन्न सक्ने अवस्था नभएको ती नेताले बताए।

बालेन मनोनयनको अघिल्लो दिन झापा आइपुग्ने तयारीमा छन्। झापा क्षेत्र नम्बर ५मा नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली, रास्वपाबाट बालेन साह र नेपाली कम्युनिष्ट पार्टीका नेता रञ्जित तामाङबीच प्रतिस्पर्धा हुने देखिएको छ।

यो क्षेत्रबाट ओलीले २०७९को निर्वाचनमा ५२ हजार ३ सय १९ मतसहित विजय हासिल गरेका थिए। त्यति वेला काँग्रेसका खगेन्द्र पाण्डव अधिकारीले २३ हजार ७ सय ४३ र रास्वपाका सुरेशकुमार पोखरेलले ११ हजार ७ सय ५९ मत पाएका थिए। यसपटक झापा ५मा कूल एक लाख ६३ हजार ३ सय ७९ मतदाता छन्। तीमध्ये नौ हजार ९० नयाँ मतदाता थपिएका छन्।

### कांग्रेसले ...

र पार्टी एकताको आवश्यकता दुवैका आधारमा गरिएको बताए। तर, देउवा पक्षले यो प्रस्ताव अस्वीकार गर्दै निर्वाचन आयोगको निर्णयबिरुद्ध सर्वोच्च अदालत जाने निर्णय गरिसकेको छ।

देउवा समूहका अनुसार आयोगले राजनीतिक दलसम्बन्धी ऐनको दफा ४४ अनुसार विवाद निरूपण गर्नुको सट्टा विशेष महाधिवेशन पक्षको कार्यसमिति अध्यावधिक गरेर एकपक्षीय निर्णय सुनाएको छ। नेता कृष्णप्रसाद सिटौलाले आयोगको निर्णयलाई 'लोकतन्त्रमाथिको आघात' भनेका छन् भने नेता रामचन्द्र पौडेल पक्षका नेताहरूले षड्यन्त्रपूर्वक आधिकारिकता खोसिएको आरोप लगाएका छन्।

देउवा पक्षका कानूनी सल्लाहकार वरिष्ठ अधिवक्ता एकराज पाठकका अनुसार आयोगले एक पक्षको दाबी आएपछि अर्को पक्षलाई जानकारी गराउनुपर्ने सामान्य प्रक्रिया समेत पालना गरिएन। यही आधारमा निर्णय बदरको मागसहित सर्वोच्च जाने तयारी गरिएको छ।

तर, आयोगले भने कांग्रेसको विधान अनुसार ४० प्रतिशत सदस्यको मागमा विशेष महाधिवेशन वैधानिक हुने र महाधिवेशन प्रतिनिधि सर्वोच्च निकाय भएकाले बहुमतबाट चयन नेतृत्वलाई मान्यता दिएको तर्क गरेको छ। यसले अब कांग्रेसको आन्तरिक विवाद कानूनी व्याख्याको मैदानमा प्रवेश गरिसकेको स्पष्ट देखिन्छ।

**कर्मचारी आवश्यकता**

यस कम्पनीका लागि कम्प्युटरमा दक्ष (हिसाब राख्न सक्ने) लेखापाल (सम्बन्धित काममा अनुभवी) आवश्यक भएकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला।
सम्पर्क: ९८४२६५२१०४, ९८२८७१५३१४
न्यूगिरी एण्ड सन्स टी इस्टेट प्रा.लि., बुट्टाबारी (झापा)

**भारतका प्रतिष्ठित अस्पतालबाट आउनुभएका विशेषज्ञ डाक्टरहरुको दैनिक सेवा अब बिर्तामोडमै**

डा. प्रशिद्ध ढकाल
MBBS, MD (PGI, Chandigarh), DM (AIIMS, New Delhi) Advanced Management of Diabetes (USA)
बरिष्ठ मधुमेह (सुगर), थाइरोइड, हर्मोन रोग विशेषज्ञ

डा. बबिता शर्मा
MBBS, MD (PGI, Chandigarh)
Ex-Scientist ICMR/AIIMS New Delhi
बरिष्ठ मानसिक रोग बिशेषज्ञ

डा. विधान न्यौपाने
Consultant Dermatologist
MBBS (T.U.), MD (K.U.)
छाला रोग विशेषज्ञ
दैनिक बिहान ९:०० बजेदेखि १०:०० बजेसम्म
दिउँसो २:०० बजेदेखि ५:०० बजेसम्म

डा. रोहित पंजियार
MBBS, MD (PGI, Chandigarh)
बरिष्ठ छाला, कपाल, सौन्दर्य, यौन, कुष्ठरोग बिशेषज्ञ
महिनाको अन्तिम शुक्रबार र शनिबार

आर. आर. पोलिक्लिनिक
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४, झापा
०२३-५९११७४, ९८२०४९११७४

श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

## कांग्रेसको अबको बाटो

**जेन–जी आन्दोलनपछि मुलुकमा उत्पन्न परिस्थितिको सामना गर्न नेपाली कांग्रेसका युवापुस्ता र कार्यकर्ताले ठूलो जोखिम बोकेका छन् । तत्कालीन महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले ठूलो व्यवधानका बीच विशेष महाधिवेशन सम्पन्न गरे । महाधिवेशन प्रतिनिधिको बहुमतका साथ आयोजना गरिएको विशेष महाधिवेशनले गगनकुमार थापालाई सभापतिमा निर्विरोध निर्वाचित गर्दै पार्टीलाई जेन–जी विद्रोहको भावना अनुरुप गतिशील बनाउने प्रयास गरेको छ । मुलुक अहिले निर्वाचनको मुखमा छ । यस्तोमा संगठीत र सुधारिएको कांग्रेसले मात्र उच्च मनोबल र भावनाका साथ आममतदाता समक्ष साक्षात्कार गर्न सक्छ । त्यसैले यथास्थिति र परम्परागत शक्तिको विकल्प नयाँ, ऊर्जाशील र प्रभावशाली नेतृत्व तत्कालको आवश्यकता हो ।**

**विशेष महाधिवेशनका आयोजकहरुले संस्थापन पक्षलाई अधिवेशनमा सहभागी गराउन अपील मात्र गरेनन्, सम्मानपूर्वक आसनको समेत व्यवस्था गरे, तर संस्थापन पक्ष कार्वाहीमै उत्रियो । यसले अधिवेशनलाई निरन्तरता दिँदै निर्वाचनको माध्यमद्वारा नयाँ कार्यसमिति निर्माण गर्ने बाटो प्रशस्त गर्‍यो । अन्ततः निर्वाचन प्रक्रियाद्वारा गगन थापाको नेतृत्वमा पार्टीको पुनर्गठन भयो । संस्थापन पक्षले अधिवेशन पक्षधरको एजेन्डालाई आत्मसात गर्दै अघि बढेको भए पार्टीको त भलो हुन्थ्यो नै त्यो भन्दा धेरै देशमा स्थिरता र निर्वाचनमा बहुमत प्राप्त गर्ने आधार बलियो हुन्थ्यो । अघिल्लो निर्वाचनमा पहिलो भएर पनि सरकारको नेतृत्व गर्न नसकेको कांग्रेसले विरासतको रक्षा गर्न पनि जोखिम लिनैपर्ने थियो ।**

**बहुसंख्यक महाधिवेशन प्रतिनिधिहरुको सहभागितामा विशेष महाधिवेशनको आयोजना भएपछि पार्टी सभापति शेरबहादुर देउवाले अग्रसरता लिनै पर्थ्यो । प्रतिनिधिहरु लगायत आम कार्यकता र शुभेच्छुकहरुको भावना र समयको मागलाई आत्मसात गर्दै सहजीकरण गर्नुको साटो आयोजनक पक्ष माथि नै कार्वाहीको प्रयास गरेर संस्थापनले प्रजातान्त्रिक अभ्यासको उपेक्षा गर्नु भुल सावित भयो । वैधानिक र अवैधानिकको कानूनी जटिलता तर्फको यात्राले नवनिर्वाचित समितिलाई अझ बलियो बनायो । त्यसो त यसअघि पनि कांग्रेसभित्रकै विवादले पार्टी टुक्रिएको थियो । विभाजन भएपछिको परिणाम समेत अनुभव गरिसकेको नेतृत्व र नेताहरुले संयमित हुनै पर्थ्यो र धैर्य पनि गर्नुपर्थ्यो ।**

**करिब आठ दशकको राजनीतिक इतिहास बोकेको नेपाली कांग्रेस आजका दिनसम्म जसोतसो सबैभन्दा ठूलो पार्टी बनेको छ । त्यसैले यो घडीमा संस्थापक तथा अग्रज नेताहरुको साख, अस्तित्व र पार्टीको आदर्शको रक्षार्थ पूर्व सभापति लगायतका संस्थापन पक्षले कार्यकर्ताको भावनाको सम्मान गर्नुपर्छ । नवनिर्वाचित समितिप्रति अपनत्व ग्रहण गर्दै बहुसंख्यक नेता, कार्यकर्ता, प्रतिनिधिहरुको भावनाको सम्मान गर्न र विद्यमान चुनौतीको सामना गर्न सक्ने उदात्त भाव देखाउनुपर्छ । यसले मात्र नेपाली कांग्रेसलाई संगठित र जीवन्त बनाउन बल पुग्छ ।**

## झापा गोल्डकपको नयाँ सदस्यता १०० नाघ्यो

**बिर्तामोड, माघ ३।** सातौं संस्करणको झापा गोल्डकप अन्तर्राष्ट्रिय आमन्त्रण नकआउट फुटबल प्रतियोगिताका लागि नयाँ सदस्यता लिनेको संख्या एक सय नाघेको छ ।

निवर्तमान अध्यक्ष विनोद बस्नेतको स्मृतिमा हुने सातौं संस्करणमा शुक्रबारसम्म एक सय जना नयाँ सदस्य थप भएको गोल्डकपका अध्यक्ष केदार गिरीले जानकारी दिए । यही माघ २४ गतेदेखि झापाको बिर्तामोडस्थित डोमालाल राजवंशी रंगशालामा हुने प्रतियोगिताका लागि सदस्य बन्न उत्साहजनक सहभागिता भइरहेको गिरीले बताए ।

गोल्डकपले पुसबाट शुरु गरेको सदस्यता अभियान अन्तर्गत पुरुषले १५ हजार र महिलाले ११ हजार रुपैयाँ शुल्क तिरेर सदस्य बन्नेको संख्या एक सय नाघेको हो । गोल्डकपको सदस्य बन्न झापासहित देशभर र विदेशमा रहेका नेपालीले पनि इच्छा देखाएका छन् ।

दीर्घकालीन रुपमा गोल्डकपलाई अघि बढाउन नयाँ सदस्यता थप गरिएको हो । सदस्यलाई प्रतियोगितामा विशेष सुविधा दिने तयारी गरिएको गोल्डकपका कोषाध्यक्ष चन्द्रमणि कट्टेलले जानकारी दिए ।

१५ लाख रुपैयाँ पुरस्कार राशिको यो प्रतियोगिताको फाइनल खेल फागुन ४ गते हुनेछ । उपविजेताले नगद आठ लाख रुपैयाँ पाउनेछ । प्रतियोगितामा नेपालका तीन विभागीय, झापा ११, भारत, भुटान र मलेसियाका एकएक टिम र तीनवटा नेपाल ए डिभिजन क्लबको सहभागिता रहने अध्यक्ष गिरीले बताए ।

# झापा ५ मा कसले बाजी मार्ला ?



त्रिलोचन कोइराला

राजनीतिमा कहिलेकाहीँ प्रश्न गलत ठाउँमा सोधिन्छ । 'बालेन शाह झापा ५ गए भने जित्छन् कि हार्छन् ?' भन्ने बहस पनि त्यही गलत प्रश्नको उदाहरण हो । सही प्रश्न यो होइन । सही प्रश्न हो- यो समय, यो सन्दर्भ र यो शक्ति-सन्तुलनमा बालेनलाई झापा ५ किन पठाइन खोजिँदैछ र त्यसको अन्तिम मूल्य कसले चुकाउँछ ?

आजको नेपाली राजनीति संक्रमणकालमा छ । पुराना शक्ति पक्कै केही कमजोर भएका होलान्, नयाँ शक्ति स्थिर भएका छैनन् स्वतन्त्र व्यक्तित्वहरू प्रतीक बनेर उभिएका छन् । यही संक्रमणको बीचमा बालेन शाह एउटा राजनीतिक प्रतीकका रूपमा उभिएका छन् एउटा शक्ति । यही कारण उनी जोखिम पनि हुन् र सम्भावना पनि । तर, राजनीति सम्भावनाले होइन, समयको गणनाले चल्छ ।

झापा ५ को बहस यही समय गणनाको नतिजा हो । झापा ५ कुनै साधारण निर्वाचन क्षेत्र होइन । यो केपी शर्मा ओलीको व्यक्तिगत क्षेत्र मात्र होइन, एमालेको सांगठनिक निरन्तरताले सुरक्षित बनाएको राजनीतिक संरचना हो । २०७९ को निर्वाचनमा ओलीले ५२ हजारभन्दा बढी मत ल्याउँदै निकटतम् प्रतिस्पर्धीलाई करिब २९ हजार मतले पछि पारे । त्यो मतान्तर आकस्मिक थिएन । त्यो मतान्तर सत्ता, संगठन र सामाजिक सम्बन्धको निरन्तर अभ्यासको परिणाम थियो । झापा ५ मा एमाले पार्टी मात्र होइन, स्थानीय जीवन पद्धतिको एउटा अंग बनेको छ । सहकारी, विद्यालय, उपभोक्ता समिति, खेलकुद क्लव, टोल संगठन यी सबै संरचनामा एमालेको प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव छ । यहाँ चुनाव पाँच वर्षको घटना होइन, दैनिक सम्बन्धको परीक्षण हो ।

यही संरचनामा बाहिरबाट गएर जित्नु भनेको केवल लोकप्रियता देखाउनु होइन, सामाजिक संरचनालाई चुनौती दिनु हो । र, सामाजिक संरचना चुनौती दिन समय, संगठन र स्थानीय सम्बन्ध चाहिन्छ- तीनवटै बालेनसँग झापा ५ मा छैनन् ।

यस यथार्थलाई बिर्सेर झापा ५ लाई 'ओलीलाई टक्कर दिने सुनौलो मौका'का रूपमा प्रस्तुत गर्नु राजनीतिक विश्लेषण होइन, भावनात्मक राजनीति हो ।

बालेन शाहको राजनीतिक पुँजी वास्तविक छ, तर त्यो पुँजी सार्वभौमिक छैन । काठमाडौं महानगरमा उनले जित्दा समय अनुकूल थियो । त्यतिबेला शहरी मतदाता आक्रोशित थिए, दलहरू थाकेका थिए र वैकल्पिक नेतृत्वको माग चरममा थियो । बालेन त्यही असन्तोषको प्रतिनिधि बने । तर, २०८१/०८२ को नेपाल त्यो अवस्था मात्र होइन । अहिले नयाँ शक्ति पनि संस्थागत



हुन खोज्दैछन्, पुराना शक्ति पनि पुनः संगठित भइरहेका छन् । मतदाता भावनात्मकभन्दा हिसाबकिताबी हुँदै गएको छ ।

झापा ५ को मतदाता संरचना अझै पनि संगठन-केन्द्रित छ । यहाँ दलसँगको सम्बन्ध केवल राजनीतिक होइन, आर्थिक र सामाजिक सुरक्षासँग गाँसिएको छ । धेरैका लागि कथकतभ्फ शत्रु होइन, सुरक्षा कवच हो । यही कारण यहाँ 'anti–system' भाष्य कमजोर पर्छ । बालेनको भाष्य शहरी सन्दर्भमा प्रभावकारी देखियो, तर, झापा ५ मा त्यसको अनुवाद सहज छैन ।

यस सन्दर्भमा अर्को महत्त्वपूर्ण यथार्थ के हो भने बालेन झापा-५ गएपछि मत ओलीको कार्टिँदैन । २०७९ को निर्वाचनले यो स्पष्ट गरिसकेको छ । रास्वपाले यहाँ करिब १२ हजार मत ल्याउँदा ओलीको मत घटेन बरु कांग्रेस कमजोर भयो । यसले देखाउँछ नयाँ शक्ति वा स्वतन्त्र उम्मेदवारले यहाँ सत्ता पक्षलाई होइन, विपक्षलाई कमजोर बनाउँछ । बालेनको उपस्थितिले पनि यही गणित दोहोरिने सम्भावना बढी छ । मत विभाजन हुनेछ, तर त्यसको लाभ ओलीलाई पुग्नेछ ।

अब यहाँ समय-सन्दर्भको अर्को तह प्रवेश गर्छ । राष्ट्रिय स्वतन्त्र पार्टी आज सरकार, संसद् र सडक-तीनवटै क्षेत्रमा आफ्नै पहिचान खोजिरहेको अवस्थामा छ । पार्टीभित्र नेतृत्वको संरचना, भविष्यको दिशा र वैकल्पिक राजनीतिमा आफ्नो वर्चस्व जोगाउने चिन्ता स्पष्ट देखिन्छ । यही सन्दर्भमा बालेन शाह एउटा स्वतन्त्र शक्ति हुन्, जसले दलविहीन भएर पनि ठूलो राजनीतिक स्पेस ओगटेका छन् ।

बालेनको राजनीतिक सक्रियता बढ्दै गयो भने उनी स्वतः वैकल्पिक राजनीतिका केन्द्र बन्न सक्छन् । यसले रास्वपाको 'नयाँ राजनीति'को एकाधिकारलाई चुनौति दिन सक्छ । यही कारण बालेनलाई अत्यन्तै कठिन, संरचनात्मक रूपमा बन्द र हारको सम्भावना बढी भएको क्षेत्रमा 'साहसिक चुनौति'को नाममा पठाउनु राजनीतिक रूपमा शंकास्पद देखिन्छ ।

यो भन्न खोजिएको होइन कि रास्वपाले खुला रूपमा बालेनबिरुद्ध षड्यन्त्र गरिरहेको छ । तर, राजनीति खुला षड्यन्त्रले होइन, मौन सहमतिले चल्छ । बालेनलाई झापा ५ जान प्रेरित गर्ने माहोल, प्रशंसा र उचाल्ने भाष्य कुन-कुन वृत्तबाट फैलिँदैछ भन्ने प्रश्न स्वाभाविक रूपमा उठ्छ । यदि बालेन त्यहाँ गएर हार्छन् भने त्यो हारले सबैभन्दा बढी क्षति कसलाई पुर्‍याउँछ ? उत्तर स्पष्ट छ- बालेनलाई ।

राजनीतिमा हार केबल अंक गणितीय घटना होइन । हारले छवि तोड्छ, गति घटाउँछ र भविष्यका सम्भावनालाई सीमित गर्छ । बालेन अहिलेसम्म अपराजेय छविमा छन् । त्यो छवि उनको सबैभन्दा ठूलो पुँजी हो । झापा ५ मा हार त्यो पुँजीको प्रत्यक्ष क्षरण हुनेछ । त्यस्तो अवस्थामा डिजिटल समर्थन मौन हुनेछ, प्रशंसा गर्नेहरू अर्को विषयमा सर्नेछन् र जिम्मेवारी बालेनले एक्लैले बोक्नुपर्नेछ । राजनीति यही निर्दयी छ ।

समय-सन्दर्भले अर्को कुरा पनि देखाउँछ । आगामी निर्वाचन चक्रसम्म नेपाल अझै अस्थिर रहनेछ । गठबन्धन बदलिनेछन्, दलहरू पुनर्संरचना हुनेछन्, नयाँ शक्ति परीक्षणमा पर्नेछन् । यस्तो अवस्थामा बालेनका लागि सबैभन्दा ठूलो रणनीतिक आवश्यकता भनेको गलत मैदानमा नहोमिनु हो । अहिले बालेनको शक्ति लडाइँमा होइन, पोजिसनिङमा छ । उनी कहाँ उभिन्छन्- कसरी बोल्छन्, कहिले चुप लाग्छन् । यिनै कुराले उनको भविष्य तय गर्नेछ ।

झापा ५ मा उत्रिनु भनेको केवल ओलीसँग लड्नु होइन । त्यो समय, संरचना र शक्ति-सन्तुलनसँग लड्नु हो, जसमा बालेन अहिले कमजोर छन् । बहादुरी देखाउनका लागि चुनाव लडिन्छ भने त्यो राजनीति होइन, प्रदर्शन हुन्छ । राजनीति भनेको प्रदर्शन होइन, दीर्घकालीन गणना हो ।

यसैले रूपमा स्पष्ट भन्नुपर्दा झापा ५ बालेनका लागि अवसर होइन, समयले बनाएको राजनीतिक जाल हो । यो जालमा ओली सुरक्षित छन्, नयाँ दलहरू आ-आफ्नो हिसाबले सहज छन्, तर जोखिम बालेनले एक्लैले बोक्नुपर्नेछ । राजनीतिमा सबैभन्दा ठूलो गल्ती शत्रुलाई कम आँक्नु होइन, आफ्नै मूल्यलाई गलत समयमा गलत ठाउँमा खर्च गर्नु हो ।

बालेनका लागि आजको प्रश्न 'लड्ने कि नलड्ने' होइन। प्रश्न हो- कुन लडाइँ लड्ने, कुन लडाइँ छोड्ने, र कुन लडाइँ भविष्यका लागि सुरक्षित राख्ने । राजनीति धैर्यको खेल हो । सबै ट्र्याप शत्रुले बिछ्याउँदैनन् । कतिपय ट्र्याप त ताली बजाउँदै, उचाल्दै, शुभेच्छा देखाउँदै बिछ्याइन्छन् ।

यही कारण आज बालेनलाई सबैभन्दा बढी चाहिएको कुरा समर्थन होइन, सचेत चेतावनी हो । यदि वैकल्पिक राजनीतिलाई साँच्चै बलियो बनाउने हो भने भावनामा होइन, समय-सन्दर्भ र संरचनाको यथार्थमा टेक्नुपर्छ । राजनीति जित्ने खेल होइन, सही समयमा सही ठाउँमा उभिने कला हो ।

### राजवंशी परिवारमा बज्रपात

# दुर्घटनामा श्रीमती र छोरी गुमाए, हात्तीले भत्काइदियो घर

पार्थ मण्डल





**भद्रपुर, माघ ३।** भद्रपुर नगरपालिका-७ बासिलाल चोक निवासी ४० वर्षीय आफुद राजवंशी जीवनमा ठूलो बज्रपात परेको छ । अस्पतालको आइसियुमा जीवनसँग लडिरहेका आफुदले सवारी दुर्घटनामा आफ्ना ४० वर्षीया श्रीमती सुष्मा र दुई वर्षीया छोरी आरुतीलाई गुमाए ।

दुर्घटनामा घाइते भएका १४ बर्षीया छोरा आशिष पनि अस्पतालमा उपचाररत् छन् । क्षणभरमै आफुदको चार जनाको सुन्दर परिवार विखण्डन भयो । श्रीमती र छोरीले संसार छाडेर गएको चौबिस घण्टा नबित्दै आफुद माथि अर्को बज्रपात पनि थप्यो । उनीहरू बस्ने घर जङ्गली हात्तीले गएराति भत्काइदिएको छ । १० धुर जमिनमा बसोबास गर्दै आइरहेको आफुदले टाँटी बेरा र टिनाले बनाएको छाप्रो घर जङ्गली हात्तीले भत्काई घरभित्र रहेको अन्नबाली खाएर क्षति पुर्‍याइदिएको छ ।

मकर (माघी) स्नान गर्न कनकाई माई मेला जाँदै गरेका उनीहरू सवार गाडी दुर्घटनामा परेको थियो । पूर्व-पश्चिम राजमार्ग अन्तर्गत कनकाई-३ नयाँ बस्ती नजिकै बिहीबार बिहान साढे ९ बजेको समयमा बिर्तामोडबाट माईधारतर्फ जाँदै गरेको मे १ च ४५१५ नम्बरको पिकअप भ्यान माईधारबाट बिर्तामोडतर्फ आउँदै गरेको ना ५ ख २१४९ नम्बरको यात्रुवाहक बससँग ठोकिँदा दुर्घटना भएको थियो । भ्यान चालक बाहेक १३ जना सवार थिए ।

दुर्घटनामा परेका घाइतेहरूलाई उपचारका लागि बीएण्डसी अस्पताल बिर्तामोड पुर्‍याइएकोमा बालिका आरुतीलाई डक्टरले चेकजाँच गर्दा मृत्यु भइसकेको थियो । त्यसको केही समयपश्चात बालिकाकी आमा सुष्माको पनि उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । ११ जना घाइतेहरू मध्ये सुष्माकी श्रीमान् आफुदको अवस्था भने चिन्ताजनक रहेको छ ।

दुर्घटनाको घटना बारे थाहा पाए लगतै हामी बिर्तामोडतर्फ लाग्यौं । अस्पतालबाट साँझ ६ बजेतिर घर आइपुगेको मृतक सुष्माकी जेठी माइजू रुकमति राजवंशीले बताइन् । बिर्तामोडबाट घर फर्किएर भान्जी ज्वाइँको घर अन्धकार देखेर दियो बोलेर आयौँ । परिवारमा यस्तो बज्रपात परेपछि मन चिन्तित भयो । राति खाना खान मन लागेन । त्यतिकै सुत्यौँ । 'एक्कासी मध्यरातमा ठूलो आवाज आयो, बाहिर निस्किएर हेर्दा एउटा जङ्गली हात्ती आएको रहेछ' -रुकमतिले भनिन्- 'मनमा झन् त्रास छायो, हात्तीले भान्जी ज्वाइँको घर भत्काउँदा ठूलो आवाज आएको रहेछ भनेर थाहा भयो ।'

त्यहाँबाट गइसकेको हात्ती १० मिनेट पछि फेरि फर्किएर आयो । फेरि त्यही घर भत्काएर गयो । त्यस बेला प्रहरीलाई बोलाउनुपर्थ्यो भनेर दिमागले पनि काम गरेन । यतिका वर्षसम्म यहाँ कहिले हात्ती आएको थिएन । हात्ती गाउँमा निस्किँदा पनि अन्य बाटो भएर जान्थ्यो । हात्ती राति फेरि आउँछ कि भनेर मनमा डर लागिरह्यो । 'हात्तीले घर भत्काएर धान खायो' -उनले भनिन्- 'हात्तीको खुट्टाको पाइला घरभित्रैसम्म थियो, घरभित्र मान्छे भएको किचेर मार्थ्यो होला भन्ने पनि लाग्यो ।' भान्जीको परिवारमा यत्रो ठूलो बज्रपात परेको बेला हात्तीले पनि नछाडेको उनले बताइन् ।

उनका अनुसार आफुद काठ मिस्त्रीको काम गर्थ्यो । छ महिना भयो बैंकबाट ऋण झिकेर सिटी सफारी किनेको । आफुदको देब्रे खुट्टामा समस्या थियो । उभिन र हिँड्न नसकेर उनले काठ मिस्त्रीको काम छाडे । सिटी चलाउँदा पनि उनको खुट्टामा समस्या हुन्थ्यो । तर, चार जनाको परिवार पाल्ने जिम्मेवारी काँधमा रहेकोले सिटी चलाउनुपर्ने बाध्यता उनको थियो ।

बिहान ८ बजे आफ्नै सिटी चढेर परिवारका चारै जना घरबाट निस्किएका थिए । माई मेला जादैछु भनेर मसँग भेट हुँदा पनि भनेनन् । दुर्घटनामा परेको खबर पाएपछि मात्र थाहा भयो उनीहरू माई मेला हिँडेको भनेर । सिटी गरामनीस्थित दिदीको घरमा राखेर अन्य आफन्तजनसहित पिकअप भ्यान चढेर माई जाँदै गर्दा भ्यान दुर्घटना परेको उनले सुनाइन् ।

भान्जी र नातिनीको शव बिएण्डसी अस्पतालमै छ । उनीहरूलाई दागबत्ती दिनेहरू पनि अस्पतालमा उपचाररत रहेकोले शव नल्याएको हो । अब परिवारका अन्य सदस्यहरूसँग छलफल गरेर मात्र शव ल्याउने उनले बताइन् । आफुदको परिवारमा परेको घटनाले वडा नै स्तब्ध र शोकाकुल भएको भद्रपुर ७ नम्बर वडाध्यक्ष अभिषेक ढुङ्गानाले बताए ।

दैवको प्रकोप नै मान्नुपर्छ । सोही घरमा त्यस्तो घटना घटेको बेला हात्तीले पनि त्यही घरलाई छानेर आक्रमण गरेकोले अझ दुःखी बनाएको उनले बताए । घरको अगाडि भाग हात्तीले भत्काएको देखिन्छ । आफुदमा परेको बज्रपातले वडा पनि अछुत नभएको बताउँदै वडाध्यक्ष ढुङ्गानाले भने- 'जनताको लागि बनेको स्थानीय सरकारले जनतालाई आपद् विपद्मा सहयोग नगर्ने भन्ने हुँदैन, वडा तथा नगरपालिकाले पनि सहयोग गर्छ ।'

### आजको राशिफल



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** काम सफलता हुँदा मन खुशी रहला, स्वास्थ्यमा गडबडीको योग रहेको छ, आज खानपानमा विशेष ध्यान दिनुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** समय फलदायी छ, विशेष उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनेछ, मन प्रशन्न रहने छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** तपाइँको मन शान्त र खुशी रहने छ, स्वास्थ्यमा समस्या देखापर्न सक्छ, तर तपाईलाई साथीभाइले भरपुर सहयोग गर्नेछन् ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** रचनात्मक काम शुरू गर्ने समय छ, पहिले गरिएको कामको हौशलाले थप उर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** आफ्नाबाट विशेष उपहार प्राप्त हुने स्थिति आउन सक्छ, नयाँ अवसरका बाटोहरु धेरै खुल्ने समय आएको छन् ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** समय अनुकूल देखिन्छ, मिष्ठान्न भोजन मिल्नेछ, छोटो दुरीको यात्रा हुनेछ, विपरीत लिङ्गीको सहयोग प्राप्त हुनाले मन प्रशन्न रहला ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)** समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** स्वास्थ्य प्रतिकुल बन्नेछ, मन शान्त रहने छ, फाइदाजनक यात्रा हुने सम्भावना रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नाले मन हर्षित हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** उत्तरार्धपछि काम बन्ने योग छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन्, विचार पुर्‍याएर अघि बढ्नु होला, धैर्य गर्नुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** आज तपाईको बोलिको भरमा विशेष काम बन्नेछ, बोल्दा ध्यान दिनुहोला, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** पराक्रम बढ्ने योग छ, दिगो फाइदा हुने कामहरूको शुरूवात हुनेछ, आयआर्जनको स्रोत बढ्नेछ, माया-प्रेमको डोरो कसीलो भएर जाने योग रहेको छ ।

मिति २०८२/१०/०३ शुक्रबारको सुनचाँदी मूल्य
छापावाला सुन प्रति तोला रु. २,७७,७००/-
चाँदी प्रति तोला रु. ५,६६०/-

# लुटिएको हतियार गाडेको अवस्थामा फेला



**दमक, माघ ३।** जेन-जी आन्दोलनका क्रममा प्रहरीबाट लुटिएको थप एकथान हतियार बरामद भएको छ।

दमक-१ सुकुम्बासी बस्ती बस्ने डेकबहादुर थापाको घरभित्रबाट एकथान सर्टगन फेला परेको हो।

थापाको घरभित्र हतियार लुकाइ राखेको भन्ने गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय दमकबाट प्रहरी नायव उपरीक्षक किशोर लम्सालको कमान्डमा प्रहरी टोली खटिएर थापा बस्ने गरेको जस्ताको बेराले बनेको जस्ताको छानो भएको टहराभित्र खानतलासी गरेको थियो।

त्यसक्रममा बटको भागमा १३२०४४७ नम्बर लेखिएको सर्टगनको बटको भाग थान-१ बेसाबुत हतियारको पार्टपुर्जा सोही टहराको भुइँमा बालुवाले पुरी राखेको अवस्थामा फेला परेको थियो। उक्त हतियार भदौ २४ गतेको जेन-जी आन्दोलनको क्रममा इलाका प्रहरी कार्यालय दमकबाट लुटेर लगेको अभिलेखबाट देखिएको छ। उक्त हातहतियारको पार्टपुर्जा कानून बमोजिम बरामद गरी सुरक्षित साथ इप्रका दमकमा राखिएको छ।

घरधनी थापाको खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। जेन-जी आन्दोलनमा जिल्लाका प्रहरी कार्यालयहरूबाट लुटिएका १५ थान हतियार अझै गायब नै रहेको छ।

# बाह्रदशी जेसीजद्वारा वार्षिक गतिविधि सार्वजनिक



**बाह्रदशी, माघ ३।** बाह्रदशी जेसीज वर्ष २०२५ ले आफ्नो कार्यकालमा सम्पन्न भएका वार्षिक गतिविधि सार्वजनिक गरेको छ।

जेसीज पद हस्तान्तरणको आयोजित पत्रकार सम्मेलन मार्फत वर्ष २०२५ का अध्यक्ष तीर्थ काफ्लेले आफ्नो कार्यकालमा गरिएका कार्यक्रम र उपलब्धि सार्वजनिक गरेका हुन्। अध्यक्ष काफ्लेका अनुसार आफ्नो कार्यकालमा बाह्रदशी जेसीजले ४४ वटा महत्वपूर्ण कार्यक्रम तथा गतिविधि सम्पन्न गरेको छ।

संस्थापक महासचिव हुँदै अध्यक्षको जिम्मेवारी सम्हालेका काफ्लेले संगठनात्मक सुदृढीकरणसँगै नेतृत्व विकास, सामाजिक उत्तरदायित्व र समुदाय केन्द्रित कार्यक्रमलाई प्राथमिकता दिइएको बताए। उनले जेसीज के हो ? किन जेसीजमा आवद्ध हुने र जेसीजले व्यक्तिको क्षमता तथा नेतृत्व विकासमा कसरी सहयोग गर्छ भन्ने विषय समेटेर तालिमसहितको कार्यक्रम सञ्चालन गरिएको जानकारी दिए।

बाह्रदशी जेसीजले शिक्षा र मानसिक स्वास्थ्यलाई समेत विशेष प्राथमिकतामा राखेको जनाएको छ। विद्यार्थी लक्षित कार्यक्रम अन्तर्गत बाह्रदशी गाउँपालिका-७ स्थित गौरीशंकर माध्यमिक विद्यालयमा मानसिक स्वास्थ्य सम्बन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको थियो।

त्यसैगरी 'अध्यक्ष प्रकरण' कार्यक्रम अन्तर्गत 'परिवर्तनका लागि एकता' कार्यक्रमको शुरुवात गरिएको छ। सो कार्यक्रम अन्तर्गत कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीलाई समेटेर वक्तृत्व कला कार्यक्रम सञ्चालन गर्न थालिएको अध्यक्ष काफ्लेले जानकारी दिए।

समुदायस्तरमा प्रत्यक्ष प्रभाव पार्ने उद्देश्यसहित 'जेसीज धारा अभियान' शुरु गरिएको छ। अभियान अन्तर्गत सार्वजनिक स्थानमा खानेपानीका लागि धारा जडान गर्ने कार्य प्रारम्भ गरिएको र बाह्रदशी गाउँपालिका-६ स्थित बिहीबारे बजारमा सार्वजनिक धारा जडान गरिसकिएको छ।

जेसीज सप्ताह अन्तर्गत गरिने नियमित कार्यक्रमलाई निरन्तरता दिँदै म्याराथन लगायत विभिन्न सामाजिक तथा रचनात्मक कार्यक्रम सम्पन्न गरिएको छ। साथै 'एक जेसी, एक विद्यार्थी' कार्यक्रम मार्फत विपन्न समुदायका १७ जना विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिएको जानकारी पनि सार्वजनिक गरिएको छ।

बाह्रदशी जेसीजको स्थापना सन् २०२० मा भएको हो। सुरुङ्गा जेसीजको मातृ शाखाका रूपमा स्थापना भएको यस संस्थाका संस्थापक अध्यक्ष बिगम श्रेष्ठ हुन्। हाल बाह्रदशी जेसीजमा ६७ जना सदस्य आवद्ध रहेको अध्यक्ष काफ्लेले बताए।

कार्यक्रममा पूर्व अध्यक्ष पुष्प धमलाले वर्ष २०२५ ले उदाहरणीय कार्य गरेको भन्दै प्रशंसा व्यक्त गरे। उनले समाज रुपान्तरणका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गरिएको उल्लेख गर्दै जेसीज धारा अभियान, लागूऔषध नियन्त्रण, मानसिक स्वास्थ्य लगायतका कार्यक्रम अत्यन्त उपयोगी भएको अनुभूति भएको बताए।

पत्रकार सम्मेलनको सञ्चालन वर्ष २०२५ की महासचिव सदिक्षा खड्काले गरेकी थिइन्। पद हस्तानतरण कार्यक्रमका प्रमुख अतिथि बाह्रदशी गाउँपालिकाकी उपाध्यक्ष शान्ता खरेल रहने जनाइएको छ।

# बाँसझ्याङमा बसेर जुवा खेल्दा...

**मोरङ, माघ ३।** मोरङको ग्रामथान गाउँपालिका-४ जुरीखोला छेउस्थित बाँसभ्याङमा जुवाको खाल बनाई पैसाको हारमार हुने जुवाजन्य खेल भइरहेको भन्ने सूचनाका आधारमा प्रहरीले छापा मारेको छ।

इलाका प्रहरी कार्यालय बेलबारीबाट प्रहरी निरीक्षक राजीव गिरीको कमाण्डमा खटिएको प्रहरी टोलीले जुवाजन्य खेल खेलिरहेको अवस्थामा चार जनालाई नियन्त्रणमा लिएको हो। जुवाको खालबाट १६ थान कौडा र नगद तीन लाख १३ हजार रुपैयाँ बरामद गरिएको प्रहरीले जनाएको छ।

नियन्त्रणमा पर्नेमा सुनसरी इटहरी उपमहानगरपालिका-९ बस्ने ५७ वर्षीय जयकिशोर साह, भोजपुर हतुवागढी गाउँपालिका-३ सिन्द्राङ घर भई हाल सुनसरी धरान बस्दै आएका ५६ वर्षीय हेमन्त राई, मोरङ कटहरी गाउँपालिका-१ बस्ने ४२ वर्षीय सोनलाल राजवंशी र मोरङ सुन्दरहरैचा नगरपालिका-५ बस्ने ४७ वर्षीय इन्द्र आचार्य रहेका छन्।

पक्राउ परेका व्यक्तिहरूलाई बरामद नगदसहित इलाका प्रहरी कार्यालय बेलबारीमा ल्याई कानुन बमोजिम अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।

# दुर्घटनामा मृत्यु

**बिर्तामोड, माघ ३।** बिर्तामोड नगरपालिका-८ हर्चना टोलमा भएको सवारी दुर्घटनाका एक जनाको मृत्यु भएको छ।

सैनिकमोड भद्रपुर सडकखण्डमा सैनिकमोडबाट भद्रपुरतर्फ जाँदै गरेको प्र १-०१-०१४ प ५११९ नम्बरको मोटरसाइकल अनियन्त्रित भएर दुर्घटना भएको थियो।

मोटरसाइकल अनियन्त्रित भएर दुर्घटना चालक भद्रपुर नगरपालिका-७ का ३६ वर्षीय सुदिर निरौला गम्भीर घाइते भएका थिए। घाइते उनलाई बिर्तासिटी अस्पताल बिर्तामोडमा ल्याइएकोमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८२/०९/०४

यस कम्पनीको मिति २०८२/०९/२० मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साबिकको कम्पनी अवाकस एजुकेशन फाउण्डेशन प्रा. लि. (प्रा. लि. नं. २०८०५) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्न व्यहोर्नुपर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने, व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०९/३० को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी आदर्श आरम्भ एकेडेमी प्रा.लि. कायम गरिएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## डेंगी रोगबाट आफू बचौं अरुलाई पनि बचाऔं

बिर्तामोड नगरपालिकाले डेङ्गी रोगको रोकथाम र नियन्त्रणको लागि लामखुट्टेको लार्भा 'खोज र नष्ट गर' अभियान सुरू गरेको हुँदा सबै जना अनिबार्य सहभागी बनौं।

**डेंगी के हो ?**

डेंगी लामखुट्टेबाट सर्ने भाइरल संक्रमण वा रोग हो। डेंगीका कारण उच्च ज्वरो आउने,बेस्सरी टाउको दुख्ने, आँखाको गेडी दुख्ने, हाडजोर्नी र मांसपेशीहरू र ढाड दुख्ने, शरीरमा विविरा आउने, रिँगटा लाग्ने, वाकवाकी, वान्ता हुने, यसका साथै पेट दुख्ने, श्वासप्रश्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि हुने गर्दछ।

**डेंगीबाट बच्न के गर्न सकिन्छ ?**

- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पूरा बाहुला भएको पूरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरू अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने,
- आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक स्थानहरूमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने,
- भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरी विसर्जन गर्ने।

डेंगीविरूद्ध खोप र खास उपचार समेत नभएकाले लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो। डेंगीको शंका लाग्नासाथ नजिकैको स्वास्थ्य संस्थामा अनिवार्य जानुहोस्।

जनहितका लागि
बिर्तामोड नगरपालिका
झापा, कोशी प्रदेश


**मार्बल शिलालेख**
यहाँ डिजिटल प्रविधिबाट मार्बलमा फोटो खोपिन्छ साथै आर्ट सम्बन्धी सम्पूर्ण कार्यहरु सरल दरमा गरिन्छ
सम्पर्क :
एल. बि. आर्ट
बिर्तामोड-४, पश्चिम बस स्टेण्ड अदुवा पुल छेऊ
फोन नं. : ९८४४६८५६०० ९८१६०४९८००

**होटल समृद्धि सुरुङ्गा**
एसी हल, एसी रुम, बर्थ डे हल, शान्त वातावरणमा खाना/बस्नसहितको विशेष सुविधा अब होटल समृद्धि सुरुङ्मा।
होटल समृद्धी
हरिकुल बोर्डिङ्ग छेउ, हाइवे उत्तर कनकाई नपा, सुरुङ्गा, झापा
सम्पर्क : ९८२२१९५२७३, ९८५२६७१४२२

**SUNMAI SPRING**
'थोपा–थोपामा जीवन छ'
HACCP | ISO 9001:2015 | स्वदेशी
स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं।
SUNMAI SPRING
Phone: 530335, 530234
Mob. No. 9801440344

**हामीलाई सम्पर्क गर्नुहोस्**
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं।
नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

**शुद्ध दूधको स्वस्थ उत्पादन**
**कोसेली**
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैँ तपाईहरुको साथमा'
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूध परिकार र मिनी रसवरी पनि उपलब्ध छ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

**Ganapati Bakers**
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टर **जितेन्द्रकुमार मण्डल**द्वारा माघ २ र ३ आउँदै हुनुहुन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
मो. ९८१८७९३९८६, ९८५२६८८९८६

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्ब्, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२ ९८०१३६४०९३

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४ ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क :
यूनाइटेड प्लेसमेन्ट एण्ड इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
मो. ९७०२९५९६४० / ९७०२९५९६४१

**UAE मा रोजगारीको अवसर**
United International Group
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

**सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।**
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१० ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस्। सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

**DRISHTI Eye Care System**
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

**अब बिर्तामोडमा**
डा. पितामबर ठाकुर
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या | बाथ | मुटु सम्बन्धी समस्या | थाईराईड | राति निद्रा नलाग्ने | रक्तचाप | छाती दुख्ने | मधुमेह | फोक्सो सम्बन्धी समस्या
डाक्टर आउने समय : बिहान ११:00 बजेदेखि ५:00 बजेसम्म
(+977) 9817964771 (+977) 023-590008
THAKUR POLYCLINIC Birtamode-1, Jhapa, Nepal Opposite of Paschim Bus Stand

**सस्तो मूल्यमा सिपमूलक तालिम**
प्लम्बर, इलेक्ट्रीसीयन, मेन, स्काफहोल्डर, स्टील फिक्चर लगायत कन्ट्रक्सन सम्बन्धी सम्पूर्ण ट्रेनिङ्गहरु गराइन्छ।
नोटः टाढाबाट आउनेलाई खान/बस्नको सुविधा दिइने छ।
सम्पर्क : ९७०४०६६८४४

**उच्च गुणस्तर सुलभ मूल्य**
सयपत्री बालुवा प्रशोधन उद्योग
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस्! तपाईंको सेवामा!
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

**इलाम पाथीभरा काइरोप्रक्याटिक स्टीम मसाज थेपारी**
गरुवा बस स्टेण्ड पश्चिम शनिश्चरे रोड बिर्तामोडमा
यहाँ नशा च्यापिएका, ढाड-कम्मर दुखेका, हड्डी खिएका बिरामीका लागि काइरोप्रक्याटिक (ढाड-कम्मर पड्काउने) विधिबाट थेरापी माध्यमबाट सहज उपचार गरिन्छ। मसाज सम्बन्धीका सम्पूर्ण कार्यहरु अनुभवी प्रशिक्षकद्वारा सहज उपचार गरिन्छ।
सम्पर्क : ९८६०४५५१०८, ९८६२७६६५९९
नोटः डा. बि. पी. तिम्सिनाद्वारा तयार गरिएका ग्याष्ट्रिक, अल्सर, पायल्स, दम, खोकी, नशा च्यापिएका बिरामीका लागि अनुभवी बैद्यबाट परामर्श गराइ औषधि उपलब्ध गराइन्छ।

**(द.नं. २६००९/०७८/०३)**
सम्पूर्ण रोजगारी सेवा एकै ठाउँमा
कामदार चाहिएमा वा काम चाहिएमा हामीलाई सम्झनुहोस्। यहाँ सम्पूर्ण काम जानेकालाई जागीर र नजानेकालाई काम सिकाइ रोजगारी दिइन्छ।
स्काभेटर अपरेटरहरु चाहिएमा हामीलाई सम्झनुहोस्।
प्रो. रोशन अधिकारी
पूर्वाञ्चल रोजगार तथा ट्रेनिङ्ग परामर्श सेवा केन्द्र
मो. ९७६४४९७७०९

**सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।
बिर्तामोड : झापा फल्स सिलिङ्ग हाउस ९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर फोन नं. : ९८११३४८२४३

**हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)